# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## लोकतन्त्र दिवस, २०८३ को शुभकामना सन्देश

ऐतिहासिक लोकतन्त्र दिवसको सुखद अवसरमा बागमती प्रदेश, स्वदेश तथा बिदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आजको यो ऐतिहासिक दिन नेपाली जनताले आफ्ना अधिकार र स्वतन्त्रताका लागि गरेको दोश्रो जनआन्दोलनले सफलता पाएको दिन हो। निरंकुशताको अन्त्य गरी जनताको हातमा सार्वभौमसत्ता फर्काउन आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

लोकतन्त्र केवल शासन व्यवस्था मात्र नभएर जीवन पद्धति पनि हो । यसले हामीलाई संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा उभिएर स्थानिय तहसम्म अधिकार पुऱ्याउने अवसर दिएको छ। लोकतन्त्रको वास्तविक फल तबमात्र प्राप्त हुन्छ, जब जनताले सहज रुपमा सेवा, न्याय र विकासको अनुभूति गर्न पाउँछन् । अधिकारको उपयोगसंगै देशप्रतिको कर्तव्य पालना गर्नु र प्राप्त उपलब्धिहरुको रक्षा गर्नु हामी सबै नागरिकको साझा जिम्मेवारी हो।

आशा छ, हाम्रो लोकतन्त्र अझ सुदृढ, पारदर्शी र जनमुखी बन्दै जानेछ। वि.सं. २०६२/०६३ को लोकतान्त्रिक जनआन्दोलनको सफलतास्वरुप प्राप्त लोकतान्त्रिक व्यवस्थाले यस अवसरमा सम्पूर्ण सहिदहरुको सपना साकार पार्न र नागरिक अधिकारको रक्षा गर्न हामी सबैलाई प्रेरणा दिनेछ भन्ने विश्वास लिदैं पुनः सबैमा लोकतन्त्र दिवसको शुभकामना व्यक्त गर्दछु।

**२०८३ साल वैशाख ११ गते, शुक्रबार**
**ने.सं. ११४६ बछलाथ्वः अष्टमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np